# संघीय संसद
# प्रतिनिधि सभा
# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति
## २०८१ चैत ८ गते शुक्रबार
## बैठक संख्याः १०९

**छलफल तथा निर्णय**

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा उपसमिति गठन र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्विद्यालय विधेयक, २०८०  का सम्बन्धमा दफावार छलफल गर्न समितिका माननीय सभापति अम्मर बहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो ।

**निर्णय**

**१. समिति अन्तर्गत गठित उपसमितिहरुमा देहाय वमोजिम उपसमितिमा सदस्य हेरफेर तथा सदस्य थप गर्नेः**

- माननीय सदस्य इश्वरी घर्तीलाई सञ्चार तथा सूचना प्रविधि उपसमितिबाट स्वास्थ्य तथा जनसंख्या उपसमितिमा हेरफेर
- माननीय सदस्य उर्मिला थेवेलाई निवेदन छानविन तथा अध्ययन उपसमितिबाट स्वास्थ्य तथा जनसंख्या अध्ययन उपसमितिमा हेरफेर
- माननीय सदस्य छवीलाल विश्वकर्मालाई स्वास्थ्य तथा जनसंख्या अध्ययन उपसमितिबाट युवा तथा खेलकूद अध्ययन उपसमितिमा हेरफेर
- माननीय सदस्य दिपा शर्मालाई स्वास्थ्य तथा जनसंख्या अध्ययन उपसमिति र युवा तथा खेलकूद अध्ययन उपसमितिबाट सञ्चार तथा सूचना प्रविधि अध्ययन उपसमितिमा हेरफेर
- माननीय सदस्य प्रभु हजारालाई निवेदन छानविन तथा अध्ययन उपसमितिमा थप

**२. समिति अन्तर्गत गठित उपसमितिहरुको संयोजन गर्न देहाय वमोजिमका संयोजकहरु मनोनयन गर्नेः**

- शिक्षा, विज्ञान तथा प्रविधि अध्ययन उपसमितिमा माननीय सदस्य देवेन्द्र पौडेल

- युवा तथा खेलकूद अध्ययन उपसमितिमा माननीय सदस्य डिग बहादुर लिम्बू
- स्वास्थ्य तथा जनसंख्या अध्ययन उपसमितिमा माननीय सदस्य तोसिमा कार्की
- सञ्चार तथा सूचना प्रविधि अध्ययन उपसमितिमा माननीय सदस्य दिपा शर्मा

**३. विद्यालय शिक्षा विधेयक, २०८० माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न समितिमा प्रतिनिधित्व गर्ने सबै दलको प्रतिनिधित्व हुनेगरी दलगत स्ट्रेन्थको आधारमा देहाय वमोजिमको कार्यदेश सहितको ११ सदस्यीय उपसमिति गठन गर्नेः**

१. माननीय सदस्य छवीलाल विश्वकर्मा - संयोजक

२. माननीय सदस्य डिग बहादुर लिम्बु - सदस्य

३. माननीय सदस्य देवेन्द्र पौडेल - सदस्य

४. माननीय सदस्य महेन्द्र कुमार राय - सदस्य

५. माननीय सदस्य रामप्रकाश चौधरी - सदस्य

६. माननीय सदस्य रेखा शर्मा - सदस्य

७. माननीय सदस्य विना जैसवाल - सदस्य

८. माननीय सदस्य विनिता कुमारी सिंह - सदस्य

९. माननीय सदस्य सरिता भुसाल - सदस्य

१०. माननीय सदस्य सुमना श्रेष्ठ - सदस्य

११. उपसमितिमा रहने बाँकी एक जना सदस्य समितिका सभापतिले समितिमा प्रतिनिधित्व गर्ने दलहरुसँग छलफल तथा परामर्श गरी समितिका सदस्यहरुमध्येबाट पछि मनोनयन गर्ने ।

**उपसमितिको कार्यदेश**

✓ उपसमितिले कार्य प्रारम्भ गरेको मितिले **३५ दिनभित्र** विधेयक माथिको दफावार छलफल समाप्त गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने

✓ उपसमितिले आवश्यकताका आधारमा संशोधनकर्ता, सम्बन्धित सरोकारवाला, विषयविज्ञ तथा राजनीतिक दलहरुसँग छलफल तथा परामर्श गर्न सक्ने

- ✓ दफावार छलफलको क्रममा उपसमितिमा कुनै कठिनाई आइपरे समिति समक्ष पेश गरी समितिको निर्णयानुसार गर्ने
- ✓ अन्य कार्यविधि उपसमिति आफैंले तय गर्न सक्ने ।

**४. शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को दफा २१ मा रहेको कूलपतिको विषयमा छलफलबाट टुङ्गो नलागेकोले समितिको अर्को बैठकमा आउदा दलहरुबीच आपसमा सहमती गरी आउन सभापतिबाट निर्देशन भयो ।**

**५. समितिको अर्को बैठक भोलि मिति २०८१ चैत १० गते दिनको १ बजे बस्ने ।**

| | |
|---|---|
| ............................ | ............................ |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |